# माध्यमिक शिक्षा पाठ्यक्रम
# २०७६
# समाजशास्त्र

**कक्षा : ११ र १२** **विषय सङ्केत :** Soc. 211 (**कक्षा ११**), Soc. 212 (**कक्षा १२**)

**पाठ्यघण्टा : ५** **वार्षिक कार्यघण्टा : १६०**

## १. परिचय

समाजशास्त्र विषयको पाठ्यक्रम समाज, सामाजिक सम्बन्ध र राजनीति तथा मानिसका विभिन्न क्रियाको सैद्धान्तिक तथा व्यावहारिक पक्षका अध्ययन अध्यापन गर्ने लक्ष्य राखी विकास गरिएको हो । राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को मार्गदर्शनबमोजिम विद्यालय शिक्षाको माध्यामिक तह (कक्षा ११ र १२) मा समाजशास्त्र विषयको यस पाठ्यक्रममा आफ्नो घरपरिवार, समुदाय र समाजका विविध पक्षलाई विषयवस्तुका रूपमा समावेश गरिएको छ । यस पाठ्यक्रमले पेसा व्यवसायमा लाग्न चाहने युवापुस्तालाई आफ्नो घरपरिवार र समाजलाई उन्नत तहबाट बुझ्न सक्ने बनाई समाजको एउटा जिम्मेवार सदस्यका रूपमा रूपान्तरण गर्न तथा समाजशास्त्रको प्रारम्भिक अवधारणा र सोचहरूसँग परिचित बनाउन सहयोग गर्ने छ । यसका साथै यस पाठ्यक्रमले सम्बन्धित विषयमा उच्च शिक्षाका लागि आधारसमेत तयार गर्ने छ ।

विद्यार्थीमा आफ्नो वासस्थान वरपरका गतिविधि, समाज तथा देशभित्र भइरहेका दृश्य अदृश्य सामाजिक प्रक्रियाहरूका बारेमा जानकार बनाउँदै समाजशास्त्रका प्रारम्भिक अवधारणा र सिद्धान्तहरूसँग विद्यार्थीहरूलाई परिचित गराउन तथा समाजशास्त्रका मौलिक र विशिष्ट पद्धति र दृष्टिकोणहरूसँग साक्षात्कार गर्न सहजता प्रदान गर्न समाजशास्त्र विषयको यस पाठ्यक्रममा विद्यार्थीकेन्द्रित सिकाइ सहजीकरण विधि तथा प्रक्रियामा जोड दिइएको छ । यसबाट नेपाली समाजको बनोट र संरचना, सामाजिकीकरण र सामाजिक नियमनका संयन्त्रहरूबारे बुझ्ने अवसर प्राप्त गर्नुका साथै प्रयोगात्मक अभ्यास, स्थलगत अध्ययन भ्रमण, खोजमूलक निरन्तर सिकाइ, सिकाइ र मूल्याङ्कन पद्धतिलाई प्रयोगात्मक र खोजमूलक बनाउन सहज हुने अपेक्षा गरिएको छ । साथै यस पाठ्यक्रममा समाज र समाजशास्त्रीय चिन्तनको महत्ता र मौलिकता, समाजशास्त्रीय चिन्तनको विशिष्ट परम्परा, मूलधारका समाजशास्त्रीय सिद्धान्त, समाजिकीकरण र सामाजिक नियमन, शक्ति र राजनीति एवम् लैङ्गिक विभेद, नेपाली समाजको सामाजिक सम्बन्ध, सामाजिक संरचना र सामाजिक परिवर्तनका उपक्रमसम्बन्धी विषयवस्तुका सैद्धान्तिक तथा व्यावहारिक पक्षलाई पनि समेटिएको छ । गरिबी, सीमान्तीकरण, विभेद र असमानता, विविधता र एकरूपता, परिवार प्रथा र जीविकोपार्जनका नवीन आयामहरू, नेपालका केही विशिष्ट वा लोपोन्मुख जातजातिहरू, बसाइँसराइ, सहरीकरण, मुलुकी देवानी संहिता जस्ता विषयवस्तुको अवधारणा विकास, अभ्यास र निरन्तर सिकाइ तथा मूल्याङ्कनबिचको सन्तुलन कायम गरिएको छ ।

यस पाठ्यक्रममा परिचय, तहगत सक्षमता, कक्षागत सिकाइ उपलब्धि, विषयवस्तुको क्षेत्र र क्रम, सिकाइ सहजीकरण प्रक्रिया र विद्यार्थी मूल्याङ्कनलाई समेटिएको छ । यस क्रममा पाठ्यक्रम लेखन तथा विकासको विषयगत औचित्य, पाठ्यक्रममा रहेका मुख्य विशेषता तथा पाठ्यक्रमको स्वरूपलाई समेटी परिचय, विषयगत रूपमा अपेक्षित ज्ञान, सिप, अभिवृत्ति, मूल्य र कार्य तत्परतालाई समेटी त्यसको क्रियात्मक स्वरूपमा सक्षमता, सिकाइको स्तर र सक्षमताको विशिष्टीकृत विस्तृतीकरण गरी सिकाइ उपलब्धि, सक्षमता, सिकाइ उपलब्धि एवम् अघिल्ला कक्षासँग लम्बीय सन्तुलनका आधारमा विषयवस्तुको क्षेत्र र क्रम, विषयगत विशिष्टपन र मौलिकतालाई समेटी सिकाइ सहजीकरणका विधि तथा प्रक्रिया एवम् निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनका विधि तथा प्रक्रिया उल्लेख गरी विद्यार्थी मूल्याङ्कनलाई व्यवस्थित गरिएको छ ।

## २. तहगत सक्षमता

माध्यामिक तह (कक्षा ११ र १२) को अध्ययनपश्चात् विद्यार्थीहरूमा समाजशास्त्रका निम्नलिखित सक्षमता हासिल हुने छन् :

१. समाज र समाजशास्त्रीय दृष्टिकोणको बोध र प्रस्तुति

२. समाजिक असमानता र सीमान्तीकरणको व्याख्या

३. समाजशास्त्रीय दृष्टिकोणमा सामाजिक परिवर्तनको व्याख्या र यसको सन्दर्भगत प्रयोग

४. शास्त्रीय समाजशास्त्रीहरूको योगदानको पहिचान र प्रस्तुति

५. नेपाली समाजको विविधताको पहिचान र लेखाजोखा

६. समाजशास्त्रका शास्त्रीय सिद्धान्तहरूको बोध तथा विश्लेषण

७. सामाजिक संस्थाहरूको परिचय र व्याख्या

८. सामाजिकीकरणको प्रक्रिया, सामाजिक नियमन र पेसागत अवस्थाको बोध तथा प्रस्तुति

९. नेपालको सन्दर्भमा शक्ति र राजनीतिको समीक्षा

१०. नेपालको विकासका सम्भावना र चुनौतीहरूको विवेचना तथा विश्लेषण

११. लैङ्गिकता र लैङ्गिक विभेदको अवधारणाको बोध र मुलुकी देवानी तथा अपराध संहिताको बोध तथा पालना

१२. सामाजिक अनुसन्धानका स्थलगत विधिहरूको बोध र प्रयोग

## ३. कक्षागत सिकाइ उपलब्धि

**कक्षा ११**

| क्र.सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि |
|---|---|---|
| १ह्ह्. | समाज र समाजशास्त्रको दृष्टिकोण | १.१ समाजको परिचय दिन<br>१.२ समाजको स्वरूप, विशेषता तथा समाज विकासका चरणको व्याख्या गर्न<br>१.३ समाजशास्त्रको परिचय दिन र यसको क्षेत्र पहिचान गर्न<br>१.४ समाजशास्त्र र अन्य समाज विज्ञानसँगको सम्बन्ध पहिचान गर्न |
| २ह्ह्. | समाजशास्त्रीय चिन्तन | २.१ सामाजिक संरचनाको परिचय दिन र महत्त्वको वर्णन गर्न<br>२.२ समाजशास्त्रीय परिकल्पना र संरचनागत विश्लेषण परिचय दिई तिनको महत्त्व व्याख्या गर्न<br>२.३ समाजका बृहत् संरचना र सूक्ष्म दैनिकीबिचको भिन्नता तथा सम्बन्ध पहिचान गर्न<br>२.४ समाजशास्त्रीको मौलिक भूमिका पहिचान गर्न |
| ३. | शास्त्रीय समाजशास्त्रीहरूको सैद्धान्तिक दृष्टिकोण | ३.१ निम्नलिखित शास्त्रीय समाजशास्त्रीहरूको परिचय दिन र योगदानको व्याख्या गर्न<br>(क) अगस्ट कम्ट |

| | | |
|---|---|---|
| | | (ख) इमाइल दुर्खिम<br>(ग) कार्ल मार्क्स<br>(घ) म्याक्स वेबर |
| ४ह्ह्. | समाजशास्त्रीय सिद्धान्त | ४.१ निम्नलिखित समाजशास्त्रीय सिद्धान्तको परिचय दिन र विशेषताहरू प्रस्तुत गर्न<br>(क) संरचनागत प्रकार्यवाद<br>(ख) द्वन्द्वात्मक आलोचनावाद<br>(ग) प्रतीकात्मक अन्तरक्रियावाद |
| ५ह्ह्. | सामाजिकीकरण र सामाजिक नियमन | ५.१ सामाजिकीकरणको अवधारणा र प्रक्रिया उल्लेख गर्न<br>५.२ सामाजिक नियमनको अवधारणा, यसको महत्त्व र प्रक्रियाको व्याख्या गर्न<br>५.३ सामाजिक नियमनका विभिन्न साधन पहिचान गर्न<br>५.४ सामाजिक अनुरूपता र विचलनको व्याख्या गर्न |
| ६ह्ह्. | शक्ति र राजनीति | ६.१ शक्ति र राजनीतिको समाजशास्त्रीय अवधारणाको व्याख्या गर्न<br>६.२ नेपालको संविधान सभा र लोकतान्त्रिक अभ्यासका आयामहरूको व्याख्या गर्न |
| ७ ह्ह् | लिङ्ग र लैङ्गिकता | ७.१ लैङ्गिकताको अवधारणाको वर्णन गर्न<br>७.२ लैङ्गिकताको विकास र मुख्य महिलावादहरूको विवेचना गर्न<br>७.३ नेपालमा भएका लैङ्गिकताको इतिहासको पहिचान र बहसको विवेचना गर्न |
| ८. | घटना अध्ययन विधि | ८.१ घटना अध्ययन विधिको अवधारणा, विधि र तरिका वर्णन गर्न<br>८.२ स्थानीय समुदायको कुनै समसामयिक विषयमा घटना अध्ययन गरी सामान्य प्रतिवेदन तयार गर्न |

कक्षा १२

| **क्र.सं.** | **विषयवस्तुको क्षेत्र** | **सिकाइ उपलब्धि** |
|---|---|---|
| १ह्ह्. | सामाजिक असमानता र सीमान्तीकरणका आयाम | १.१ गरिबी र सीमान्तीकरणका अवधारणाको वर्णन गर्न र विश्लेषण गर्न<br>१.२ नेपालमा गरिबी तथा सीमान्तीकरणका आयामको सङ्क्षेपमा व्याख्या गर्न<br>१.३ विभेद र असमानताको अवधारणाको व्याख्या गर्न<br>१.४ नेपाली समाजमा विद्यमान विभेद तथा असमानता आयामहरूको वर्णन गर्न<br>१.५ नेपालमा गरिबी निवारण र सामाजिक समावेशीकरणका प्रयासको समीक्षा गर्न |

| | | |
|---|---|---|
| २ह्ह. | सामाजिक परिवर्तन र पेसा | २.१ नेपालको सामाजिक परिवर्तन र पेसागत रूपान्तरणको समाजशास्त्रीय दृष्टिकोणबाट विवेचना गर्न<br>२.२ नेपालमा विद्यमान पेसा र जीविकोपार्जनका तरिकाहरू उल्लेख गर्न<br>२.३ विप्रेषण र यसको उपयोगको अवस्थाको व्याख्या गर्न |
| ३. | सामाजिक विविधता तथा एकता | ३.१ नेपाली समाजको तह र श्रेणी विभाजनको अवस्थाको विवेचना गर्न<br>३.२ तह विभाजनका विभिन्न आयामहरू पहिचान गर्न<br>३.३ नेपालमा सामाजिक तह विभाजनको स्वरूप पहिचान गर्न<br>३.४ नेपालका विभिन्न जातजातीको परिचय दिन र पिछडिएका खास जातिहरूको अवस्थाको विश्लेषण गर्न<br>३.५ नेपाली समाजको विविधता र एकताको समाजशास्त्रीय विवेचना गर्न |
| ४ह्ह. | सामाजिक संस्था | ४.१ सामाजिक संस्था, विवाह र परिवारको समाजशास्त्रीय दृष्टिकोणबाट व्याख्या गर्न<br>४.२ नेपालमा विवाह र परिवार प्रथामा आएको परिवर्तनको विवेचना गर्न |
| ५ह्ह. | नेपालमा बसाइँसराइ तथा सहरीकरण | ५.१ सामाजशास्त्रीय अवधारणाबाट बसाइँसराइ र सहरीकरणको व्याख्या गर्न<br>५.२ नेपालमा बसाइँसराइ र सहरीकरणको अवस्थातथा यसका असरहरूको विवेचना गर्न |
| ६ह्ह. | विकासको समाजशास्त्र | ६.१ विकासको समाजशास्त्रीय अवधारणाको व्याख्या गर्न<br>६.२ नेपालमा विकासका प्रयासहरूको समीक्षा गर्न<br>६.३ सङ्घीय, प्रादेशिक र स्थानीय विकासका आयामहरूको पहिचान तथा व्याख्या गर्न<br>६.४ नेपालको प्रादेशिक विकास र यसका सम्भावना तथा चुनौतीहरूको समाजशास्त्रीय दृष्टिकोणबाट व्याख्या गर्न |
| ७ ह्ह | मुलुकी ऐन संहिता | ७.१ मुलुकी ऐन संहिताको विकासक्रमको छोटो परिचय दिन<br>७.२ मुलुकी ऐन संहिताको लैङ्गिक, सामाजिक पक्षको पहिचान तथा प्रयोग गर्न |
| ८. | सामाजिक अनुसन्धान विधि: सामाजिक सर्वेक्षण र स्थलगत अध्ययन विधि | ८.१ सामाजिक अनुसन्धानको परिचय दिन<br>८.२ सामाजिक सर्वेक्षण र स्थलगत अध्ययनका चरणहरू पहिचान गर्न<br>८.३ सामाजिक अनुसन्धान प्रस्ताव तयार गर्न<br>८.४ सामाजिक अनुसन्धानको स्थलगत विधिहरूको बोध र प्रयोग गरी तथ्याङ्क सङ्कलन, विश्लेषण र प्रतिवेदन लेख्न |

## ४. विषयवस्तुको क्षेत्र र क्रम

**कक्षा ११**

| क्र.सं. | विषयवस्तुको क्षेत्र | विषयवस्तु | पाठ्यघण्टा |
|---|---|---|---|
| १ह्ह्. | समाज र समाजशास्त्रको दृष्टिकोण | १.१ समाजको परिचय<br>१.१.१ समाजको परिभाषा र चरित्र<br>१.१.२ समाज विकासको चरणमा कम्ट, मोर्गन र मार्क्सको मत<br>१.१.३ ग्रामीण र सहरी समाज<br>१.२ समाजशास्त्रको परिचय<br>१.२.१ परिभाषा र क्षेत्र<br>१.२.२ विज्ञानका रूपमा समाजशास्त्र<br>१.२.३ समाजशास्त्र र अन्य समाज विज्ञान (मानवशास्त्र, अर्थशास्त्र, मनोविज्ञान, राजनीतिशास्त्र, इतिहास, भूगोलशास्त्र) सँगको सम्बन्ध | १५ |
| २ह्ह्. | समाजशास्त्रीय चिन्तन | २.१ सी. डब्ल्यु. मिल्सको समाजशास्त्रीय परिकल्पना<br>२.२ संरचनागत विश्लेषण<br>२.३ बृहत् संरचना र सूक्ष्म दैनिकी<br>२.४ समाजशास्त्रीको मौलिक भूमिका | १५ |
| ३. | शास्त्रीय समाजशास्त्रीहरूको सैद्धान्तिक दृष्टिकोण | ३.१ अगस्ट कम्टको जीवनी र योगदान<br>३.२ इमाइल दुर्खिमको जीवनी र योगदान<br>३.३ कार्ल मार्क्सको जीवनी र योगदान<br>३.४ म्याक्स वेबरको जीवनी र योगदान | २० |
| ४ह्ह्. | समाजशास्त्रीय सिद्धान्त | ४.१ सिद्धान्तका आधारभूत अवयव र विशेषता<br>४.२ समाजशास्त्रीय सिद्धान्तका अवयव र विशेषता४<br>४.२.१ संरचनागत प्रकार्यवाद<br>४.२.२ द्वन्द्वात्मक आलोचनावाद<br>४.२.३ प्रतीकात्मक अन्तरक्रियावाद | २० |
| ५ह्ह्. | सामाजिकीकरण र सामाजिक नियमन | ५.१ सामाजिकीकरणको परिभाषा, प्रक्रिया र कारण<br>५.२ सामाजिक नियमन<br>५.२.१ सार्वजनिक सोच र धारणा र सांस्कृतिक व्यवहार<br>५.२.२ धर्म र नैतिकता, कानुन, शिक्षा तथा आमसञ्चार | १५ |

| | | | |
|---|---|---|---|
| | | ५.३ सामाजिक अनुरूपता र विचलन | |
| ६ह्न्. | शक्ति र राजनीति | ६.१ मार्क्स र वेबरको समाजशास्त्रीय अवधारणामा शक्ति र राजनीति<br>६.२ नेपालको संविधानसभा र लोकतान्त्रिक अभ्यास<br>६.२.१ संविधान सभा<br>६.२.२ नेपालको संविधान<br>६.२.३ राजतन्त्र र गणतन्त्र<br>६.२.४ शासकीय स्वरूप र सङ्घीयता<br>६.२.५ धर्म सापेक्षता र निरपेक्षता | १५ |
| ७ ह्न् | लिङ्ग र लैङ्गिकता | ७.१ यौन तथा सामाजिक लैङ्गिकता<br>७.१.१ अर्थ र परिभाषा<br>७.१.२ समाजशास्त्रीय अवधारणा<br>७.२ लैङ्गिकता र महिलावाद<br>७.२.१ उदारवादी महिलावाद<br>७.२.२ समाजवादी महिलावाद<br>७.२.३ आमूल परिवर्तनकारी महिलावाद<br>७.३ नेपालमा लैङ्गिकताको बहस | १५ |
| ८. | घटना अध्ययन विधि | ८.१ घटना अध्ययन विधिको अवधारणा, विधि र तरिका<br>८.२ स्थानीय समुदायको कुनै समसामयिक विषयमा घटना अध्ययन, प्रतिवेदन तयारी र प्रस्तुति | ५ |
| जम्मा | | | १२० |

**कक्षा १२**

| क्र.सं. | विषयवस्तुको क्षेत्र | विषयवस्तु | पाठ्यघण्टा |
|---|---|---|---|
| १ह्न्. | सामाजिक असमानता र सीमान्तीकरणका आयाम | १.१ गरिबी र असमानताको परिभाषा र अवधारणा<br>१.२ नेपाली समाजमा विभेदका आयामहरू<br>१.३ नेपाली समाजमा असमानताका आयामहरू<br>१.४ मार्क्सवादी र उदारवादी गरिबीको समाजशास्त्रीय विश्लेषण<br>१.५ नेपालमा गरिबीका आयाम<br>१.५.१ क्षेत्रीय | १५ |

| | | | |
|---|---|---|---|
| | | १.५.२ प्रादेशिक<br>१.५.३ लैङ्गिक<br>१.५.४ जातीय<br>१.६ नेपालमा बहिष्करणका आयाम<br>१.७ गरिबी निवारण र सामाजिक समावेशीकरणका प्रयास | |
| २ह्ह. | सामाजिक परिवर्तन र पेसा | २.१ अर्थ, परिभाषा<br>२.२ समाजशास्त्रीय अवधारणा<br>२.३ सामाजिक परिवर्तन र पेसागत रूपान्तरण<br>२.४ नेपालमा पेसा र जीविकोपार्जनको विद्यमान अवस्था<br>२.५ विप्रेषण, यसको लगानी र चुनौती | १३ |
| ३. | सामाजिक विविधता तथा एकता | ३.१ तह विभाजन र विविधताको समाजशास्त्रीय परिभाषा<br>३.२ तह विभाजन र विविधताका आयाम<br>३.२.१ भाषा<br>३.२.२ जातजाति<br>३.२.३ पर्यावरण<br>३.२.४ जीविकोपार्जन<br>३.२.४ धार्मिक विश्वास<br>३.३ नेपालमा सामाजिक तह विभाजन<br>३.४ नेपालका मुख्य जातजाति<br>३.५ कुसुन्डा, मुसहर, भ्रमणशील राउटे र कर्णालीका मतवाली क्षत्रीको परिचय र रहनसहन<br>३.६ सामाजिक एकता | २० |
| ४ह्ह. | सामाजिक संस्था | ४.१ सामाजिक संस्थाको परिभाषा र चरित्र<br>४.२ सामाजिक संस्थाको किसिम<br>४.२.१ विवाहको अर्थ र परिभाषा<br>४.२.२ नेपालमा विवाहको स्वरूप<br>४.२.३ परिवारको अर्थ र परिभाषा<br>४.२.४ परिवार प्रथा र विश्वव्यापीकरण<br>४.३ नेपाली परिवार प्रथामा आएको परिवर्तन | १५ |
| ५ह्ह. | नेपालमा बसाइँसराइ तथा सहरीकरण | ५.१ बसाइँसराइको परिभाषा र किसिम<br>५.२ बसाइँसराइका कारण | १७ |

| | | | |
|---|---|---|---|
| | | ५.३ नेपालमा बसाइँसराइको अवस्था<br>५.४ सहरीकरणको परिभाषा<br>५.५ नेपालमा सहरीकरणको विकास र चुनौती | |
| ६ह्ह्. | विकासको समाजशास्त्र | ६.१ विकासको समाजशास्त्रीय अवधारणा<br>६.२ नेपालमा विकासका प्रयास<br>६.३ सङ्घीय, प्रादेशिक र स्थानीय विकासका आयाम<br>६.४ नेपालको प्रादेशिक विकासको सम्भावना र चुनौती | १५ |
| ७ ह्ह् | मुलुकी ऐन संहिता | ७.१ मुलुकी ऐनको परिचय र इतिहास<br>७.२ मुलुकी देवानी संहिता, २०७४ र मुलुकी अपराध संहिता, २०७४ को परिचय र यसमा रहेका मुख्य मुख्य व्यवस्था<br>७.३ मुलुकी देवानी संहिता, २०७४ को सामाजिक र लैङ्गिक पक्ष<br>७.इ.१ विवाह<br>७.इ.२ सम्बन्ध विच्छेद<br>७.इ.३ सम्पत्ति र अंशबन्डा<br>७.इ.४ सामाजिक भेदभाव | १० |
| ८. | सामाजिक अनुसन्धान विधि : सामाजिक सर्वेक्षण र स्थलगत अध्ययन विधि | ८.१ सामाजिक अनुसन्धानको अर्थ र परिभाषा<br>८.२ सामाजिक सर्वेक्षण र स्थलगत अध्ययन<br>८.३ सामाजिक अनुसन्धानका चरण<br>८.४ सामाजिक अनुसन्धान प्रस्तावको संरचना/स्वरूप<br>८.५ स्थलगत अध्ययनका विधि<br>८.६ तथ्याङ्क विश्लेषण र प्रतिवेदन लेखन | १५ |
| जम्मा | | | १२० |

**५. प्रयोगात्मक तथा परियोजना कार्य**

| क्र.सं. | कक्षा ११ | | | कक्षा १२ | | |
|---|---|---|---|---|---|---|
| | विषयक्षेत्र | प्रयोगात्मक कार्य विवरण | पाठ्य घण्टा | विषयक्षेत्र | प्रयोगात्मक कार्य विवरण | पाठ्य घण्टा |
| १. | समाज र समाजशास्त्रको दृष्टिकोण | १. विद्यालयनजिकको समाजको बनोट र विशेषता टिपोट गरी तालिकाकाम प्रस्तुत गर्ने | ५ | सामाजिक असमानता र सीमान्तीकरणका आयाम | आफ्नो समुदायमा रहेका विद्यमान लैङ्गीय, वर्गीय र जातीय | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | २. नजिकका ग्रामीण वा सहरी समाजको भिन्न विशेषताको तुलनात्मक विश्लेषण गरी कक्षामा प्रस्तुत गर्ने | | | असमानताका उदाहरण खोजी असमानता न्यूनीकरण उपाय पहिचान र प्रस्तुत गर्ने | |
| २. | समाजशास्त्रीय चिन्तन | आफू आसपासको समुदायको जातजातिको अवस्था र संस्कार समेटी सङ्क्षिप्त प्रतिवेदन तयार पारी प्रस्तुत गर्ने | ५ | सामाजिक परिवर्तन र पेसा | विद्यार्थीका आआफ्नो परिवारका अभिभावक र अघिल्लो दुई पुस्ताले अपनाएको मूल पेसा र आयआर्जनकाउपायहरूमाआएको पुस्तागत परिवर्तनका बारेमाचित्रगतविवरण प्रस्तुतगर्ने | २ |
| ३. | शास्त्रीय समाजशास्त्रीहरूको सैद्धान्तिक दृष्टिकोण | मुद्रित र विद्युतीय सामग्री उपयोग गरी कार्ल मार्क्स र म्याक्स वेबरको समाजशास्त्रीय योगदान टिपोट गरी कक्षामा प्रस्तुत गर्ने | ५ | सामाजिक विविधता तथा एकता | आफ्नो समुदायमा प्रचनमा रहेका पेसा, धर्म र चाडपर्वका<br>विवरण तयार पारी वृत्तचित्र वा स्तम्भचित्रमा प्रस्तुत गर्ने | ५ |
| ४. | समाजशास्त्रीय सिद्धान्त | समाजमा मनाइने कुनै चाडको उत्पत्ति मनाउने तरिका र उद्देश्य उल्लेख गरी प्रतिवेदन प्रस्तुत गर्ने | ५ | सामाजिक संस्था | कक्षागत छलफलको माध्यामबाट परिवार प्रथाको आकार र संरचनामाआएको परिवर्तन समूहगतविवेचना गरी मुख्य तीनवटा निष्कर्ष पहिचानगर्ने | ५ |
| ५. | सामाजिकीकरण र सामाजिक नियमन | शिक्षकको सहयोगमा प्रश्नावली स्थानीय विज्ञसँग अन्तर्वार्ता लिई | ५ | नेपालमा बसाइँसराइ तथा सहरीकरण | आफ्नो समुदायमा बसाइँ सरी आएका वा बसाइँ | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | तपाईंको समाजमा विगत २० वर्षमा भएका परिवर्तन टिपोट गरी प्रस्तुत गर्ने | | | सरी अन्यत्र गएका व्यक्तिका नातेदारसँग अन्तर्क्रिया गरी ती व्यक्तिका अनुभवसमेत समेटी टिपोट तयार पोर्न र कक्षामा प्रस्तुत गर्ने | |
| ६. | शक्ति र राजनीति | स्थानीय निर्वाचित प्रतिनिधिलाई स्थानीय तहको कार्यक्षेत्र र अधिकार सूची निर्माण गरी प्रस्तुत गर्ने | ५ | विकासको समाजशास्त्र | आफ्नो स्थानीय तहबाट विगत पाँच वर्षभित्रको विकासका कार्य टिपोट गरी सूची निर्माण गर्ने | ५ |
| ७. | लिङ्ग र लैङ्गिकता | परिवारका पुरुष तथा महिला सदस्यबिच गरिएको कार्य विभाजनका आधार तथा एक एक कार्य समावेश गरी तालिका बनाउने र कक्षामा प्रस्तुत गर्ने | ५ | मुलुकी ऐन संहिता | मुलुकी देवानी संहिता, २०७४ लागु भएपछि आफ्नो समुदायमा आएको परिवर्तनका स्थानीय तहका जानकार व्यक्तिसँग छलफल गरी निष्कर्ष कक्षामा प्रस्तुत गर्ने | ५ |
| ८. | घटना अध्ययन विधि | शक्ति प्रदर्शन र समस्या, लैङ्गिक विभेद जस्ता स्थानीय समुदायका कुनै एक समसामयिक विषयमा घटना अध्ययन गरी कारण, प्रभाव र असरसमेत समेटी प्रतिवेदन प्रस्तुत गर्ने | ५ | सामाजिक अनुसन्धान विधि : सामाजिक सर्वेक्षण र स्थलगत अध्ययन विधि | आफ्नो समाजमा भएका सामाजिक कुरीति वा कुप्रथा वा घटनामध्ये कक्षा शिक्षकले तोकेको कुनै एक विषयमा स्थलगत अध्ययन गरी उद्देश्य, प्रक्रिया र प्राप्तिसमेत समेटी प्रतिवेदन प्रस्तुत गर्ने | १० |
| जम्मा | | | ४० | जम्मा | | ४० |

## ६. सिकाइ सहजीकरण विधि तथा प्रक्रिया

समाजशास्त्रको अध्ययनमार्फत विद्यार्थीहरूलाई समसामयिक सामाजिक अवस्था तथा परिवेशको जानकारी गराई विश्लेषणात्मक दृष्ट्रिकोण निर्माण गर्न सक्षम बनाउने उद्देश्य रहेको छ । यस सन्दर्भमा समाजशास्त्रको आधारभूत सिद्धान्त र नेपाली समाजको अवस्थालाई समेटेर पाठ्यक्रम तयार गरिएको छ । यसमा समावेश गरिएका विषयवस्तुहरूको अध्यापन गराउँदा सबै क्षेत्रलाई उत्तिकै महत्त्व दिनुपर्ने हुन्छ । सम्बन्धित विषयवस्तुको सहजीकरण गराई ज्ञान, सिप र धारणाको विकास गराउनु आवस्यक छ । विद्यार्थीहरूमा सैद्धान्तिक पक्षका साथै व्यावहारिक पक्षको विकास गराई सकरात्मक सोच तथा व्यवहारको विकास गर्नु यस विषयको मुख्य उद्देश्य हो ।

विद्यार्थीहरूमा समालोचनात्मक तथा सकारात्मक सोचको विकास, व्यवहारिक प्रयोग, प्रतिभाको पहिचान तथा सिर्जनात्मक सिपको विकास गरी समाजशास्त्रीय क्षेत्रमा नेतृत्व गर्न सक्ने क्षमताको विकास गराउने जस्ता मूलभूत उद्देश्यहरू यस विषयले राखेको छ । समाजशास्त्रको सैद्धान्तिक एवम् व्यावहारिक ज्ञान दिनका लागि कक्षाकोठाभित्र वा बाहिर आआफ्नो टोल तथा समुदायसँग सम्बन्धित सामाजिक क्रियाकलापहरू गराउनुपर्ने छ । विषयवस्तुलाई कण्ठ गराउने नभई विद्यार्थीहरूलाई आआफ्ना समुदायमा खोज गरी सिर्जनात्मक प्रतिभाको विकास गर्न प्रोत्साहन गर्नुपर्ने छ । यस विषयले विद्यार्थीहरूमा प्रतिवेदन, रेखाचित्र, वृत्तचित्र, स्तम्भचित्र, तालिका, तस्बिर जस्ता सिर्जनशील विधाहरूमार्फत सिर्जनात्मक सिपको समेत विकास गराउने लक्ष्य राखेको छ । यी सिपहरूको विकास गर्न उनीहरूलाई बहु बौद्धिकताको सिद्धान्तअनुरूप रूचि र क्षमताअनुसारका ज्ञान, सिप र अभिवृत्ति एवम् मूल्यहरूको विकास गर्न योजनाबद्ध तथा विविधतायुक्त सिकाइ सहजीकरणको ठुलो भूमिका रहन्छ । त्यसैले समाजशास्त्र विषयमा सिकाइ सहजीकरण गर्दा विभिन्न प्रकारका विद्यार्थी केन्द्रित शिक्षण विधिहरू प्रयोग गर्नुपर्छ, जस्तै : प्रश्नोत्तर विधि, प्रदर्शन विधि, समस्या समाधान विधि, छलफल विधि, अवलोकन विधि, खोज विधि, परियोजना विधि, प्रयोगात्मक विधि, क्षेत्र भ्रमण विधि, आगमन विधि, घटना अध्ययन विधि आदि ।

शिक्षकले सिकाइ कार्यको सहजीकरण गर्दा विद्यार्थीको उमेर, तह, रुचि, बहु बौद्धिकता, मनोविज्ञान, सामाजिक पृष्ठभूमि, विद्यार्थी सङ्ख्या, शैक्षिक सामग्रीको उपलब्धता आदि समेतलाई ध्यान दिँदै स्थानीय परिवेश, विषयवस्तुको प्रकृति र स्वरूपका आधारमा सिकाइ सहजीकरणमा विविधता ल्याउन सकिने छ । विद्यार्थीलाई समस्या समाधान गर्न गाह्रो अप्ठ्यारो परेको अवस्थामा उनीहरूको कमीकमजोरीलाई राम्ररी केलाई विद्यार्थीहरूको सहभागिता एवम् सामूहिक तथा सहयोगात्मक सिकाइलाई प्रोत्साहन गर्नुपर्ने छ । विषय शिक्षणका क्रममा सूचना प्रविधिको समेत सहयोग लिएर सिक्न सक्ने वातावरण तयार गर्नुपर्ने छ । विद्यार्थीहरू सिर्जना र प्रतिभाका भण्डार भएकाले उनीहरूका प्रतिभा प्रष्फुटनका लागि उपयुक्त वातावरण सिर्जना गर्नुपर्ने छ ।

## ७. विद्यार्थी मूल्याङ्कन

विद्यार्थीको सिकाइ उपलब्धि सुनिश्चित गर्न निर्माणात्मक र निर्णयात्मक दुवै प्रकारको मूल्याङ्कन गर्नुपर्ने छ । विद्यार्थीको सिकाइ उपलब्धि सुधारका लागि कक्षा शिक्षणकै क्रममा कक्षाकार्य, परियोजना कार्य, प्रस्तुतीकरण, उपलब्धि परीक्षा जस्ता क्रियाकलाप गराई सैद्धान्तिक तथा प्रयोगात्मक ज्ञान तथा सिप हासिल गराउन आवश्यक छ । यसको प्रभावकारी रूपमा कार्यान्वयन तथा विद्यार्थीको सिकाइस्तर सुधार गर्न सिकाइ सहजीकरण क्रियाकलापको अभिन्न अङ्गका रूपमा निर्माणात्मक मूल्याङ्कनलाई उपयोग गर्नुपर्छ । निर्माणात्मक मूल्याङ्कनको सिकाइ उपलब्धिको निश्चित भारलाई निर्णयात्मक मूल्याङ्कनमा समेत जोडिने छ ।

पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप तथा अभिवृत्ति प्राप्त गर्न सके सकेनन् भन्ने कुरा पत्ता लगाउने महत्त्वपूर्ण संयन्त्र मूल्याङ्कन हो । विद्यार्थीहरूको मूल्याङ्कन गर्दा सिकाइ उपलब्धिहरूलाई ध्यान दिई सक्षमता र सिकाइ उपलब्धिअनुरूप सिकाइको सबै स्तरलाई समेटेर गर्नुपर्दछ । आन्तरिक र बाह्य मूल्याङ्कनमार्फत यस विषयको मूल्याङ्कन हुने छ । मूल्याङ्कनको कुल भारमध्ये २५ प्रतिशत आन्तरिक र ७५ प्रतिशत बाह्य मूल्याङ्कनबाट हुने छ । यसै गरी बाह्य मूल्याङ्कनअन्तर्गत लिखित परीक्षा सञ्चालन हुने छ । विद्यार्थी मूल्याङ्कनअन्तर्गत निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन दुवै तरिकाबाट नै गरिने छ । यस विषयका पाठ्यक्रममा समावेश गरिएका तहगत सक्षमताहरू, कक्षागत सिकाइ उपलब्धि र तिनका विषयवस्तु, सोसँग सम्बन्धित सिप, सिकाइ सहभागिता र सिकाइ सक्रियताका आधारमा विद्यार्थीहरूको सिकाइको मूल्याङ्कन गर्नुपर्दछ ।

**(क) आन्तरिक मूल्याङ्कन**

आन्तरिक तथा प्रयोगात्मक मूल्याङ्कनका लागि प्रत्येक विद्यार्थीहरूले गरेका कार्य र उनीहरूमा आएको व्यवहार परिवर्तनको अभिलेख राखी सोका आधारमा अङ्क प्रदान गर्नुपर्दछ । विद्यार्थीहरूले सिके नसिकेको पत्ता लगाई नसिकेको भए कारण पहिचान गरी पुनः सिकाइन्छ भने यस्तो मूल्याङ्कन प्रक्रियालाई निर्माणात्मक मूल्याङ्कन भनिन्छ । कक्षा ११ र १२ को समाजशास्त्र विषय सिकाइका क्रममा कक्षाकोठामा कक्षागत शिक्षण सिकाइकै अभिन्न अङ्गका रूपमा गृहकार्य, कक्षाकार्य, परियोजना कार्य, सामुदायिक कार्य, सह/अतिरिक्त क्रियाकलाप, एकाइ परीक्षा, मासिक परीक्षा जस्ता मूल्याङ्कनका साधनहरूको प्रयोग गर्न सकिने छ र मूल्याङ्कनका लागि विद्यार्थीको अभिलेख राख्नुपर्छ । सोका आधारमा नै सिकाइ अवस्था यकिन गरिन्छ र आवश्यकतानुसार उपचारात्मक शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्छ । विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीका लागि विषय शिक्षकले नै उपयुक्त प्रक्रिया अपनाई मूल्याङ्कन गर्नुपर्छ । शिक्षकले यस प्रकारको मूल्याङ्कन निरन्तर रूपमा गरी विद्यार्थीहरूमा अपेक्षित सिप र व्यवहार विकासमा जोड दिनुपर्छ ।

यस विषयमा कक्षा ११ र १२ मा कुल भारमध्ये २५ प्रतिशत भार आन्तरिक मूल्याङ्कन हुने छ । यसको मूल्याङ्कन निम्नअनुसार हुने छ :

**कक्षा ११ र १२ मा आन्तरिक मूल्याङ्कन**

| क्र.सं. | प्रयोगात्मक कार्य | अङ्कभार |
|---|---|---|
| १ | कक्षा सहभागिता | ३ |
| २ | प्रयोगात्मक तथा परियोजना कार्य (अध्ययन, भ्रमण, प्रतिवेदन, प्रस्तुति इत्यादि) | १६ |
| ३ | त्रैमासिक परीक्षाको अङ्क | ६ |
| जम्मा | | २५ |

**(ख) बाह्य मूल्याङ्कन**

यस विषयमा कक्षा ११ र १२ प्रत्येकमा कुल भारमध्ये ७५ प्रतिशत भार बाह्य मूल्याङ्कन हुने छ । कक्षा ११ र १२ प्रत्येक कक्षामा लागि लिइने परीक्षाका लागि पाठ्यक्रम विकास केन्द्रले तयार गरेको विशिष्टीकरण तालिकाअनुसार प्रश्नपत्र निर्माण गर्नुपर्ने छ । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान/बोध, समस्या समाधान, समालोचनात्मक, सिर्जनासँग सम्बन्धित प्रश्नहरू सोधिने छन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरिन्छ । सबै बाह्य परीक्षामा अक्षराङ्कन पद्धतिको प्रयोग गरिने छ ।